तारकेश्वर नगरपालिका
तारकेश्वर नगरपालिका
स्थानीय राजपत्र

भाग २ | खण्ड १० | संख्या ३ | मिति: २०८३/०३/२२

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०३/०४
प्रमाणिकरण मिति २०८३/०३/२२

तारकेश्वर नगरपालिकाको बाल क्लव तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना:

तारकेश्वर नगरपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालवालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चित गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तारकेश्वर नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद –१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "तारकेश्वर नगरपालिकाको बाल क्लव तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
(क) "प्रमुख" भन्नाले तारकेश्वर नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ख) "बालक्लब" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्ष पूरा नगरेका बालबालिकाले यस कार्यविधिको दफा ५ मा व्यवस्था भए अनुसार दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्छ।

(ग) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(घ) "बाल सञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा तारकेश्वर नगरपालिकाको वडा तथा नगरपालिकामा भएको सञ्जाल सम्झनु पर्छ।

(ङ) "वडा" भन्नाले तारकेश्वर नगरपालिकाको वडा सम्झनुपर्छ।

परिच्छेद –२

उद्देश्य

३. **उद्देश्य**: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली, २०७८ तथा प्रचलित कानूनबमोजिम बाल सहभागिताको अधिकार सुनिश्चित गर्दै बाल क्लब तथा बाल सञ्जालको गठन, दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी व्यवस्था गर्नु।

(ख) बालबालिकाको क्षमता विकास, नेतृत्व विकास, अर्थपूर्ण तथा समावेशी सहभागिता अभिवृद्धि गरी बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्द्धन, परिपूर्ति तथा बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउनु।

(ग) बालबालिकासँग सम्बन्धित नीति, योजना, कार्यक्रम, बजेट, सेवा प्रवाह, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा बाल सहभागिता सुनिश्चित गर्नु।

(घ) बाल क्लब, बाल सञ्जाल, विद्यालय, अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकाय र अन्य सरोकारवालाबीच समन्वय, सहकार्य तथा साझेदारी अभिवृद्धि गर्नु।

(ङ) बाल क्लब तथा बाल सञ्जालको प्रभावकारी सञ्चालन, अभिलेखीकरण, अनुगमन तथा संस्थागत विकासका लागि आवश्यक प्रक्रिया र मापदण्ड निर्धारण गर्नु।

परिच्छेद-३

बाल सहभागिता

४. बाल सहभागिताको अभ्यास

(१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पार्ने परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन गरिने कार्य, योजना, नीति, कार्यक्रम तथा निर्णय प्रक्रियामा अर्थपूर्ण, सुरक्षित, समावेशी र भेदभावरहित रूपमा सहभागिता सुनिश्चित गरिनेछ।

(२) नगरपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट तर्जुमा, बालमैत्री स्थानीय शासन, बालबालिकासँग सम्बन्धित नीति तथा कार्यक्रम, विद्यालय सुधार योजना, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण तथा सार्वजनिक निर्माण लगायतका कार्यमा बालक, बालिका, अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, विपन्न, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबै अवस्थाका बालबालिकाको समान तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

(३) बाल सहभागिता प्रवर्द्धनका लागि तारकेश्वर नगरपालिकाले देहायका उपायहरू अवलम्बन गर्नेछः–

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना तथा जानकारी निःशुल्क उपलब्ध गराइनेछ।

(ख) विद्यालयहरू, बाल क्लबहरू तथा वडा बाल सञ्जालहरूबीच खेलकुद, साहित्य, हिज्जे, वक्तृत्वकला, वादविवाद, गीत, संगीत, नृत्य, चित्रकला, विज्ञान तथा नवप्रवर्तन, सांस्कृतिक कार्यक्रम, नेतृत्व विकास, जीवनोपयोगी सीप तथा अन्य सिर्जनात्मक गतिविधिहरू विविध किसिमका अपाङ्गता भएका बालबालिकासमेत सहभागी हुन सक्ने गरी सञ्चालन गरिनेछ।

(ग) बाल अधिकार, बाल संरक्षण, बालमैत्री स्थानीय शासन तथा बाल सहभागितासम्बन्धी अभिमुखीकरण, क्षमता विकास तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) बालबालिकाबाट प्राप्त सुझाव, गुनासा तथा रायलाई योजना, नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा यथासम्भव समावेश गरिनेछ।

(४) बाल सहभागिता प्रवर्द्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायबाट देहायका कार्य गर्न वा गराउन पाइने छैनः–

(क) बालबालिकाको नियमित पठनपाठनमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्न वा सहभागी गराउन।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, नैतिक, आध्यात्मिक तथा सामाजिक विकासमा प्रतिकूल असर पर्ने गतिविधिमा संलग्न गराउन।

(ग) बालबालिकालाई बाबुआमा, संरक्षक, विद्यालय, सरकारी वा गैरसरकारी निकायबाट बालबालिकाको सर्वोत्तम हित विपरीत च्याली, जुलुस, सभा, प्रदर्शन वा अन्य कुनै गतिविधिमा सहभागी गराउन।

(घ) विद्यालय, सरकारी वा गैरसरकारी निकायले कानून वा विधानबमोजिम आफूले गर्नुपर्ने कार्य बाल क्लब, बाल सञ्जाल वा बालबालिकामार्फत गराउन।

(ङ) बालबालिकालाई राजनीतिक दल वा तिनका भ्रातृ संगठनको पक्ष वा विपक्षमा प्रयोग गर्न वा राजनीतिक गतिविधिमा सहभागी गराउन।

(च) बालबालिकालाई बालविवाह, छाउपडी, जातीय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास, बोक्सी आरोप, दाइजो प्रथा तथा अन्य कुनै पनि हानिकारक परम्परागत अभ्यासमा संलग्न गराउन वा सहभागी गराउन।

(छ) बालबालिकाको गोपनीयता, सुरक्षा तथा मर्यादामा प्रतिकूल असर पर्ने गरी उनीहरूको व्यक्तिगत विवरण, तस्बिर वा परिचय सार्वजनिक गर्न।

परिच्छेद-४

बाल क्लब

५. बाल क्लब वा बाल संस्था गठन तथा दर्ताः

(१) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्द्धन, सहभागिता, क्षमता विकास तथा नेतृत्व विकासका लागि बालबालिकाले बाल क्लब वा बाल संस्था गठन गर्न सक्नेछन्।

(२) बाल क्लब वा बाल संस्था विद्यालयमा आधारित, समुदायमा आधारित वा विषयगत प्रकृतिको हुन सक्नेछ।

(३) बाल क्लब वा बाल संस्था गठन गर्दा बालबालिकाको स्वेच्छिक सहभागिता सुनिश्चित गर्नुपर्नेछ तथा उमेर, लिङ्ग, जातजाति, भाषा, धर्म, अपाङ्गता, आर्थिक अवस्था तथा स्थानीय समाजको सामाजिक एवं सांस्कृतिक विविधताको समुचित प्रतिनिधित्व हुने गरी समावेशी रूपमा गठन गर्नुपर्नेछ।

तर, यस व्यवस्थाले अपाङ्गता भएका बालबालिका मात्र सदस्य रहने वा बालिका मात्र सदस्य रहने गरी विशेष उद्देश्यका बाल क्लब वा बाल संस्था गठन गर्न बाधा पुगेको मानिने छैन।

(४) बाल क्लब वा बाल संस्था गठनका लागि बालबालिकाको भेला आयोजना गरी देहाय बमोजिमको कार्यसमिति गठन गरिनेछः

(क) अध्यक्ष – १ जना

(ख) उपाध्यक्ष – १ जना

(ग) सचिव – १ जना

(घ) सहसचिव – १ जना

(ङ) कोषाध्यक्ष – १ जना

(च) सदस्य – ४ देखि ६ जना

(५) कार्यसमिति बाल क्लबका साधारण सदस्यहरूको भेलाबाट सर्वसम्मति वा निर्वाचन प्रक्रियामार्फत लोकतान्त्रिक रूपमा चयन गरिनेछ।

(६) विद्यालयमा अध्ययनरत इच्छुक विद्यार्थीहरू स्वतः साधारण सदस्यका रूपमा रहनेछन्। साधारण सदस्यहरूले क्लबका गतिविधिमा सहभागिता जनाउने, सुझाव दिने तथा आवश्यक कार्यक्रमहरूमा सक्रिय भूमिका निर्वाह गर्न सक्नेछन्।

(७) साधारण सदस्यहरूबाट आवश्यकता अनुसार विषयगत उपसमिति वा स्वयंसेवक समूह गठन गरी परिचालन गर्न सकिनेछ।

(८) प्रत्येक बालक्लब वा बाल संस्थाले आफ्नो उद्देश्य, सदस्यता, कार्यसमिति, पदाधिकारीको कार्यकाल, बैठक सञ्चालन, आचारसंहिता तथा अन्य व्यवस्था समेटिएको विधान अनिवार्य रूपमा तयार गर्नुपर्नेछ।

(९) समुदायमा आधारित तथा विषयगत बाल क्लब वा बाल संस्थाले सम्बन्धित वडा कार्यालयमा अनुसूची–१ बमोजिम निवेदन दिई दर्ता गर्नुपर्नेछ।

(१०) विद्यालयमा आधारित बाल क्लब सम्बन्धित विद्यालयमा दर्ता भई, गठन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालयमा सूचीकरण (अभिलेखीकरण) का लागि विवरण पठाउनुपर्नेछ।

(११) दर्ता वा सूचीकरणका लागि देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) क्लब/संस्थाको विधान

(ख) गठन भेलाको निर्णय प्रतिलिपि

(ग) पदाधिकारी तथा सदस्यहरूको विवरण (नाम, उमेर, ठेगाना, कक्षा, जन्मदर्ता वा विद्यालय सिफारिस)

(घ) विद्यालय आधारितको हकमा विद्यालय तथा विद्यालय व्यवस्थापन समितिको सिफारिस/जानकारी

(ङ) समुदाय आधारितको हकमा वडा कार्यालयको सिफारिस (आवश्यक भएमा)

(१२) वडा कार्यालयले प्राप्त निवेदनमाथि आवश्यक जाँचबुझ गरी अनुसूची–२ बमोजिम दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

(१३) विद्यालयबाट प्राप्त विवरणका आधारमा वडा कार्यालयले बाल क्लबहरूको अभिलेख राखी सूचीकरण गर्नेछ तथा आवश्यकता अनुसार विद्यालयलाई जानकारी उपलब्ध गराउनेछ।

(१४) वडा कार्यालयले आफ्नो क्षेत्रभित्रका सबै बाल क्लब/संस्थाको अभिलेख अद्यावधिक राखी प्रत्येक आर्थिक वर्षमा नगरपालिकामा विवरण पठाउनुपर्नेछ।

(१५) नगरपालिकाले वडा कार्यालयबाट प्राप्त विवरणका आधारमा सम्पूर्ण बाल क्लब तथा संस्थाको एकीकृत अभिलेख तयार गरी अद्यावधिक राख्नेछ।

६. बाल क्लबको नवीकरणः

(१) दफा ५ बमोजिम दर्ता भएका बाल क्लबले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित वडा कार्यालयमा देहायका विवरण खुलाई नवीकरणको लागि अनुसुचि-४ को ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) कार्य समिति सदस्य हेरफेर भएको भए सो सम्बन्धी विवरण।

(२) वडाले उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी बाल क्लवको नवीकरण गरिदिनु पर्नेछ।

७. बाल क्लवको काम र कर्तव्यः

बाल क्लबको काम, कर्तव्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः–

(क) बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्द्धन, परिपूर्ति तथा बाल सहभागिताको प्रवर्द्धन गर्ने।

(ख) बालबालिकाको नेतृत्व, व्यक्तित्व विकास, जीवनोपयोगी सीप, सिर्जनशीलता तथा प्रतिभा विकासका लागि हाजिरीजवाफ, वक्तृत्वकला, निबन्ध, चित्रकला, खेलकुद, साहित्य, सांस्कृतिक तथा अन्य सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्ने।

(ग) विद्यालयको नियमित पठनपाठन तथा बालबालिकाको अध्ययनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने।

(घ) विद्यालय, वडा कार्यालय तथा नगरपालिकाले तर्जुमा गर्ने बालबालिकासँग सम्बन्धित नीति, योजना, कार्यक्रम तथा बालमैत्री स्थानीय शासनसम्बन्धी गतिविधिमा बालबालिकाको सामूहिक धारणा, सुझाव तथा सहभागिता सुनिश्चित गर्ने।

(ङ) बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता, बालमैत्री व्यवहार, लैङ्गिक समानता, समावेशिता, वातावरण संरक्षण, स्वास्थ्य, सरसफाइ तथा सामाजिक उत्तरदायित्व सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(च) बालविवाह, बालश्रम, बाल हिंसा, दुर्व्यवहार, छाउपडी, भेदभाव, बाल यौन शोषण, अन्धविश्वास तथा अन्य हानिकारक अभ्यासविरुद्ध सचेतना अभिवृद्धि गर्ने।

(छ) विद्यालय भर्ना, नियमित उपस्थिती, जन्मदर्ता, पूर्ण खोप, बालमैत्री स्थानीय शासन तथा बाल अधिकारसँग सम्बन्धित अभियानमा विद्यालय, वडा कार्यालय तथा नगरपालिकासँग समन्वय र सहकार्य गर्ने।

(ज) बालबालिकासँग सम्बन्धित समस्या, आवश्यकता, सुझाव तथा सरोकारका विषय सम्बन्धित निकायसमक्ष रचनात्मक रूपमा प्रस्तुत गर्ने।

(झ) बाल क्लबको नेतृत्व तथा क्रियाकलापमा अधिकतम बालबालिकाको सहभागिता सुनिश्चित गर्ने तथा नेतृत्व विकासका अवसर समान रूपमा उपलब्ध गराउने।

(ञ) बाल क्लब वा संस्थाको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै पनि बालबालिकालाई बाध्य नपार्ने।

(ट) नेपालको संविधानप्रति सम्मान, राष्ट्रिय एकता, सामाजिक सद्भाव, विविधताको सम्मान, मानव अधिकार तथा लोकतान्त्रिक मूल्य–मान्यताको प्रवर्द्धन गर्ने।

(ठ) जातीय भेदभाव, छुवाछुत, हिंसा, घृणा, सामाजिक विभेद वा सार्वजनिक शिष्टाचार तथा नैतिकताको प्रतिकूल हुने कुनै पनि कार्य नगर्ने।

(ड) कुनै राजनीतिक दल वा त्यसको भ्रातृ संगठनसँग आबद्ध नहुने तथा दलीय राजनीतिक गतिविधि, समर्थन वा विरोधमा संलग्न नहुने।

(ढ) बालबालिकाको सर्वोत्तम हित, सुरक्षा, गोपनीयता तथा सम्मान कायम हुने गरी आफ्ना सम्पूर्ण गतिविधि सञ्चालन गर्ने।

(ण) यस कार्यविधि, प्रचलित कानून तथा नगरपालिकाबाट जारी भएका अन्य सम्बन्धित कानून, नीति तथा निर्देशनको पालना गर्ने।

८. **बाल क्लबको दर्ता खारेज गर्ने**: देहायको अवस्थामा सम्बन्धित विद्यालय वा वडा कार्यालयले बाल क्लबको दर्ता खारेज गर्नेछः-

(क) दर्ता गरेको तीन आर्थिक वर्षसम्म नवीकरण नगराएमा,

(ख) बाल क्लबका बहुमत सदस्यले दर्ता खारेज गर्न निवेदन दिएमा,

(ग) बाल क्लबको नामको प्रयोग गरी प्रचलित कानून विपरीतका क्रियाकलापमा बाल क्लब संलग्न भएको पाइएमा।

९. **शुल्क तथा दस्तुर नलाग्ने**: यस परिच्छेद बमोजिम बाल क्लब दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क तथा दस्तुर लाग्ने छैन।

परिच्छेद-५

बाल सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था

१०. बाल सञ्जालको गठन:

(१) बाल क्लबहरूबीच आपसी समन्वय, सहकार्य, अनुभव तथा सिकाइको आदानप्रदान गर्न, बालबालिकाका साझा सवाल तथा सरोकारलाई संगठित रूपमा उठाउन, बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्द्धन तथा बाल सहभागिता अभिवृद्धि गर्न, साथै

बालबालिकाको सर्वोत्तम हित, नेतृत्व विकास र सर्वाङ्गीण विकासका लागि बाल क्लबहरूको बाल सञ्जाल गठन गरिनेछ।

(२) बाल सञ्जाल देहाय बमोजिम गठन गरिनेछः–

(क) वडा बाल सञ्जाल र

(ख) नगर बाल सञ्जाल।

(३) बाल सञ्जालमा सम्बन्धित तहमा दर्ता वा सूचीकृत भएका समुदायमा आधारित तथा विद्यालयमा आधारित बाल क्लबहरूको समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

(४) बाल सञ्जाल गठन गर्दा बालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका बालबालिका तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको अर्थपूर्ण र समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ।

(५) बाल सञ्जालको गठन, सञ्चालन, पदाधिकारीको चयन, कार्यकाल तथा अन्य व्यवस्था यस कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

११. वडा बाल सञ्जालको गठन तथा सञ्चालनः

(१) सम्बन्धित वडामा दर्ता भएका समुदायमा आधारित बाल क्लब तथा सूचीकृत विद्यालयमा आधारित बाल क्लबबाट कम्तीमा तीन–तीन जना प्रतिनिधित्व गर्ने, ११ वर्ष पूरा भई १८ वर्ष ननाघेका बालबालिकाको भेलाबाट देहाय बमोजिमको वडा बाल सञ्जाल गठन गरिनेछः–

(क) अध्यक्ष – १ जना

(ख) उपाध्यक्ष – १ जना

(ग) सचिव – १ जना

(घ) सहसचिव – १ जना

(ङ) कोषाध्यक्ष – १ जना

(च) सदस्य – ४ देखि १० जनासम्म

(२) प्रत्येक बाल क्लबबाट प्रतिनिधित्व गर्ने तीन जना प्रतिनिधिमध्ये कम्तीमा एक जना बालिका हुनुपर्नेछ। सम्भव भएसम्म दलित, आदिवासी जनजाति, अपाङ्गता भएका बालबालिका तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको समेत प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

(३) वडा बाल सञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा दुई पदमा बालिकाको प्रतिनिधित्व हुनुपर्नेछ।

(४) वडा बाल सञ्जालको संरक्षक सम्बन्धित वडा अध्यक्ष रहनेछन्। आवश्यकतानुसार वडा बाल अधिकार समिति, विद्यालय, बाल अधिकारका क्षेत्रमा कार्यरत व्यक्ति वा संस्थाका प्रतिनिधिलाई समेटी सल्लाहकार समिति गठन गर्न सकिनेछ।

(५) वडा बाल सञ्जालका पदाधिकारी तथा सदस्यको कार्यकाल दुई वर्षको हुनेछ। तर पदमा रहँदै १८ वर्ष उमेर पूरा भएमा, सम्बन्धित वडा क्षेत्रबाट स्थायी रूपमा बसाइँसराइ गरेमा, लगातार तीन वटा बैठकमा मनासिब कारणबिना अनुपस्थित भएमा वा स्वेच्छाले राजीनामा दिएमा त्यस्तो पद स्वतः रिक्त भएको मानिनेछ।

(६) उपदफा (५) बमोजिम पद रिक्त भएमा सम्बन्धित बाल क्लबको प्रतिनिधित्व कायम रहने गरी बाँकी कार्यकालका लागि वडा बाल सञ्जालले अर्को प्रतिनिधि चयन वा मनोनयन गर्नेछ।

(७) वडा बाल सञ्जालको बैठक, निर्णय प्रक्रिया, कार्य सञ्चालन तथा अन्य व्यवस्थाहरू यस कार्यविधि तथा सञ्जालले स्वीकृत गरेको आन्तरिक कार्यविधि बमोजिम हुनेछ।

१२. वडा बाल सञ्जालको काम र कर्तव्यः

वडा बाल सञ्जालको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः–

(क) सम्बन्धित वडाभित्र सञ्चालन भएका समुदायमा आधारित तथा विद्यालयमा आधारित बाल क्लबहरूबीच समन्वय, सहकार्य, अनुभव आदानप्रदान तथा क्षमता अभिवृद्धिमा सहयोग गर्ने।

(ख) बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्द्धन तथा बाल सहभागिता अभिवृद्धिका लागि आवश्यक सहजीकरण, सचेतनामूलक तथा सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्ने।

(ग) बालबालिकासँग सम्बन्धित नीति, योजना, कार्यक्रम तथा बालमैत्री स्थानीय शासनसम्बन्धी गतिविधिको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा वडा कार्यालयलाई आवश्यक सुझाव तथा सहयोग प्रदान गर्ने।

(घ) विद्यालय, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी बालबालिकासँग सम्बन्धित कार्यक्रम, अभियान तथा विशेष दिवसहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग गर्ने।

(ङ) नगर बाल सञ्जालमा प्रतिनिधित्वका लागि यस कार्यविधि बमोजिम प्रतिनिधि चयन गरी पठाउने ।

(च) बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्था, विद्यालय, बाल अधिकार समिति तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(छ) बालविवाह, बालश्रम, बाल हिंसा, दुर्व्यवहार, भेदभाव, छाउपडी, बालमैत्री वातावरण, जन्मदर्ता, विद्यालय भर्ना, पूर्ण खोप, सरसफाइ तथा अन्य बाल अधिकारसम्बन्धी अभियानमा सक्रिय सहभागिता जनाउने ।

(ज) वडाभित्रका बालबालिकाका समस्या, आवश्यकता, सुझाव तथा साझा सरोकारका विषय पहिचान गरी सम्बन्धित निकायसमक्ष रचनात्मक रूपमा प्रस्तुत गर्ने ।

(झ) वडाभित्र सञ्चालन भएका बाल क्लबहरूको गतिविधिको अभिलेख, समन्वय तथा आवश्यक प्रतिवेदन तयार गरी सम्बन्धित वडा कार्यालय र नगर बाल सञ्जालमा उपलब्ध गराउने ।

(ञ) यस कार्यविधि, प्रचलित कानून तथा वडा कार्यालय वा नगरपालिकाबाट प्रदान गरिएका अन्य जिम्मेवारीहरू पूरा गर्ने ।

१३. नगर बाल सञ्जालको गठन तथा सञ्चालन:

(१) दफा १० बमोजिम गठन भएका प्रत्येक वडा बाल सञ्जालबाट कम्तीमा चार–चार जना प्रतिनिधित्व गर्ने, ११ वर्ष पूरा भई १८ वर्ष ननाघेका बालबालिकाको भेलाबाट देहाय बमोजिमको नगर बाल सञ्जाल गठन गरिनेछः–

(क) अध्यक्ष – १ जना

(ख) उपाध्यक्ष – १ जना

(ग) सचिव – १ जना

(घ) सहसचिव – १ जना

(ङ) कोषाध्यक्ष – १ जना

(च) सदस्य – १० देखि १८ जनासम्म ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्ने चार जना प्रतिनिधिमध्ये कम्तीमा दुई जना बालिका हुनुपर्नेछ । साथै, सम्भव भएसम्म दलित, आदिवासी जनजाति, अपाङ्गता

भएका बालबालिका तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको समेत समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(३) नगर बाल सञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा दुई पदमा बालिकाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(४) नगर बाल सञ्जालको संरक्षक नगर प्रमुख रहनेछन् । आवश्यकतानुसार उपप्रमुख, नगर बाल अधिकार समिति, शिक्षा तथा बाल अधिकारका क्षेत्रमा कार्यरत व्यक्ति वा संस्थाका प्रतिनिधिलाई सल्लाहकारका रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(५) नगर बाल सञ्जालका पदाधिकारी तथा सदस्यहरूको कार्यकाल दुई वर्षको हुनेछ ।

(६) पदाधिकारी वा सदस्य पदमा रहँदै देहायको कुनै अवस्था भएमा निजको पद स्वतः रिक्त भएको मानिनेछः–

(क) अठार वर्ष उमेर पूरा भएमा;

(ख) नगरपालिका क्षेत्र बाहिर स्थायी रूपमा बसाइँसराइ गरेमा वा नगरपालिका बाहिरको विद्यालयमा अध्ययनका कारण नियमित रूपमा प्रतिनिधित्व गर्न नसक्ने अवस्थामा पुगेमा;

(ग) स्वेच्छाले राजीनामा दिएमा;

(घ) लगातार तीन वटा बैठकमा मनासिब कारणबिना अनुपस्थित भएमा ।

(७) उपदफा (६) बमोजिम कुनै पद रिक्त भएमा सम्बन्धित वडा बाल सञ्जालको प्रतिनिधित्व कायम रहने गरी बाँकी कार्यकालका लागि सम्बन्धित वडा बाल सञ्जालले अर्को प्रतिनिधि सिफारिस गर्नेछ र नगर बाल सञ्जालले मनोनयन गर्नेछ ।

(८) नगर बाल सञ्जालको बैठक कम्तीमा प्रत्येक तीन महिनामा एक पटक बस्नेछ । आवश्यकता अनुसार अध्यक्षले वा कम्तीमा एक तिहाइ सदस्यको लिखित मागमा विशेष बैठक बोलाउन सक्नेछ ।

(९) नगर बाल सञ्जालको बैठक सञ्चालन, गणपूरक सङ्ख्या, निर्णय प्रक्रिया, अभिलेख व्यवस्थापन तथा अन्य कार्य सञ्चालन सम्बन्धी व्यवस्था यस कार्यविधि र नगर बाल सञ्जालले स्वीकृत गरेको आन्तरिक कार्यविधि बमोजिम हुनेछ ।

१४. नगर बाल सञ्जालको काम र कर्तव्यः

नगर बाल सञ्जालको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः–

(क) नगरपालिकाभित्र सञ्चालन भएका वडा बाल सञ्जाल, विद्यालयमा आधारित तथा समुदायमा आधारित बाल क्लबहरूबीच समन्वय, सहकार्य, अनुभव आदानप्रदान तथा क्षमता अभिवृद्धिमा सहयोग गर्ने।

(ख) बाल अधिकारको संरक्षण, सम्मान, प्रवर्द्धन, परिपूर्ति तथा बाल सहभागिता अभिवृद्धिका लागि आवश्यक सहजीकरण, पैरवी, जनचेतनामूलक तथा सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्ने।

(ग) बालबालिकासँग सम्बन्धित नीति, योजना, कार्यक्रम तथा बालमैत्री स्थानीय शासनसम्बन्धी गतिविधिको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा नगरपालिकालाई आवश्यक सुझाव, सिफारिस तथा सहयोग प्रदान गर्ने।

(घ) बालबालिकासँग सम्बन्धित कार्यक्रम, अभियान तथा विशेष दिवस सञ्चालन गर्न नगरपालिका, वडा कार्यालय, विद्यालय, स्थानीय बाल अधिकार समिति तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने।

(ङ) नगरपालिका क्षेत्रभित्र बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक संघसंस्था र विकास साझेदारहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने।

(च) बालविवाह, बालश्रम, बाल हिंसा, दुर्व्यवहार, भेदभाव, छाउपडी, बाल यौन शोषण, लागू पदार्थ दुर्व्यसन, विद्यालय छोड्ने समस्या लगायतका बाल अधिकारसँग सम्बन्धित विषयमा सचेतना तथा अभियान सञ्चालन गर्ने।

(छ) बालबालिकाका समस्या, आवश्यकता, सुझाव तथा साझा सरोकारका विषयहरूको अध्ययन, छलफल र विश्लेषण गरी सम्बन्धित निकायसमक्ष रचनात्मक सुझाव तथा सिफारिस पेश गर्ने।

(ज) वडा बाल सञ्जाल तथा बाल क्लबहरूको गतिविधिको समन्वय, अभिलेखीकरण तथा आवश्यक प्रतिवेदन तयार गरी नगरपालिकासमक्ष पेश गर्ने।

(झ) नगरपालिकाले सञ्चालन गर्ने बालमैत्री स्थानीय शासन, बाल अधिकार संरक्षण तथा बाल सहभागितासम्बन्धी अभियान, कार्यक्रम र विशेष क्रियाकलापमा सक्रिय सहभागिता जनाउने।

(ञ) यस कार्यविधि, प्रचलित कानून तथा नगरपालिकाबाट तोकिएका अन्य जिम्मेवारीहरू पूरा गर्ने।

१५. **प्रमाणपत्र प्रदान गर्ने**:

यस कार्यविधि बमोजिम गठन भएका वडा स्तरीय तथा नगर स्तरीय बाल सञ्जालहरूको आवद्धता प्रमाणित हुने गरी सम्बन्धित सञ्जाललाई अनुसूची ५ बमोजिम प्रमाण–पत्र प्रदान गरिनेछ।

परिच्छेद-६
विविध

१६. **व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार**: यस विधानको कार्यान्वयनको सिलसिलामा कुनै दफा, उपदफा वा व्यवस्थाको अर्थ स्पष्ट नभई द्विविधा उत्पन्न भएमा वा कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा सोको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अन्तिम अधिकार तारकेश्वर नगरपालिकाको कार्यपालिकामा रहनेछ।

१७. **संशोधन गर्न सक्ने**: यस कार्यविधिलाई नगर कार्यपालिकाको आवश्यक संशोधन गर्न सक्नेछ।

१८. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने**: तारकेश्वर नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गठन भएका बाल क्लब तथा बाल सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन।

१९. **खारेजी तथा बचाउ**: बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ। तर यो कार्यविधि लागू हुनुभन्दा अघि सम्पन्न भइसकेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची–१

बाल क्लब दर्ता प्रमाण–पत्रका लागि निवेदन

मितिः .....

श्रीमान् वडा अध्यक्षज्यू/प्रधानाध्यापकज्यू
तारकेश्वर नगरपालिका,
.....।

विषयः बाल क्लब वा संस्था दर्ता सम्बन्धमा।

उपर्युक्त विषयमा, ... काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं. ..... टोल/विद्यालयस्थित बालबालिकाको अधिकार प्रवर्द्धन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न हामी ..... जना सदस्यहरू मिली ..... नामक बाल क्लब दर्ता गर्न इच्छुक भई देहायबमोजिमका कागजात संलग्न गरी बाल क्लव तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३ को बुँदा ४(१) वा प्रचलित कानून बमोजिम उक्त बाल क्लब/संस्था दर्ता गरिदिनुहुन अनुरोध गर्दछौँ।

संलग्न कागजातहरूः

(१) बाल क्लबमा आबद्ध सदस्य तथा पदाधिकारी विवरण
(२) बाल क्लब/संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम, उमेर, अध्ययनरत कक्षा, ठेगाना तथा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि वा विद्यालय/अभिभावकको सिफारिस पत्र
(३) बाल क्लब/संस्थाको उद्देश्य तथा कार्ययोजना विवरण
(४) विधान २ प्रति
(५) बाल क्लब/संस्थाको सदस्यता, सञ्चालन प्रक्रिया तथा कार्यसमिति सम्बन्धी विवरण
(६) अन्य आवश्यक कागजातहरू

विवरणः

- नामः .....
- पदः .....
- सम्पर्क नं.: .....
- **हस्ताक्षरः** .....

अनुसूची-२

प्रमाण–पत्र

आवद्धता नं.: .....

मिति: .....

श्री.....

(बाल क्लब/संस्था)

ठेगाना: .....

विषय: बाल क्लब/संस्था दर्ता सम्बन्धमा ।

काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. ..... स्थित ..... विद्यालय/समुदाय/बाल सुधार गृहमा मिति ..... मा गठन भएको ..... नामक बाल क्लब/संस्थालाई बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७८ तथा बाल क्लव तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८३ बमोजिम आवद्धता गरिएको व्यहोरा प्रमाणित गरिन्छ ।

प्रमाणित गर्ने अधिकारी

नाम: .....

पद: .....

हस्ताक्षर: .....

कार्यालय छाप:

अनुसूची - ३

बाल क्लब/संस्था अभिलेख (सूचीकरण फाराम)

१. विद्यालयको विवरण विद्यालयको नाम: .....

वडा नं.:..... ठेगाना: .....

सम्पर्क नम्बर: .....

२. बाल क्लब/सञ्जालको विवरण क्लब/संस्थाको नाम: .....

गठन मिति: ..... दर्ता/स्वीकृति मिति (विद्यालयबाट): .....

३. पदाधिकारी विवरण

क्र.सं.	नाम	उमेर	कक्षा	लिङ्ग	पद	सम्पर्क
१					अध्यक्ष	
२					उपाध्यक्ष	
३					सचिव	
४					सहसचिव	
५					कोषाध्यक्ष	

४. सदस्य विवरण

क्र.सं.	नाम	उमेर	कक्षा	लिङ्ग	पद	सम्पर्क
१						

५. उद्देश्य संक्षेपमा

.....

६. प्रमुख गतिविधि/कार्ययोजना (संक्षेप)

.....

७. सिफारिस

यो बाल क्लब/सञ्जाल विद्यालयमा दर्ता भई नियमित रूपमा सञ्चालनमा रहेको व्यहोरा प्रमाणित गरिन्छ।

विद्यालय प्रमुखको नाम: .....

हस्ताक्षर: .....

मिति: ..... छाप:

अनुसूची–४

बाल क्लब/संस्था नवीकरणका लागि निवेदन

मितिः .....

श्रीमान् वडा अध्यक्षज्यू/प्रधानाध्यापकज्यू
तारकेश्वर नगरपालिका,

विषयः <u>बाल क्लब/संस्था नवीकरण गरिदिने सम्बन्धमा ।</u>

महोदय,

उपर्युक्त विषयमा, काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं..... स्थित ..... विद्यालय/समुदाय/बाल सुधार गृहमा स्थापित ..... नामक बाल क्लब/संस्था मिति ..... मा नगरसभाबाट स्वीकृत **बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७८** तथा बाल सञ्जाल गठन तथा सञ्चालन विधान, २०८३ अनुसार दर्ता/सूचीकरण भई क्रियाशील रहेको व्यहोरा अनुरोध गर्दछौँ।

हाम्रो संस्था/बाल क्लब/सञ्जालले तोकिएको उद्देश्यअनुसार बाल अधिकार संरक्षण, बाल सहभागिता प्रवर्द्धन तथा बालमैत्री स्थानीय शासन सम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यस सन्दर्भमा सोही कार्यविधि तथा प्रचलित कानूनबमोजिम हाम्रो संस्था/बाल क्लब/सञ्जालको नवीकरण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ।

संलग्न कागजातहरू:

(१) निवेदन फाराम
(२) संस्थाले वर्षभरि सम्पन्न गरेका मुख्य गतिविधिहरूको संक्षिप्त विवरण
(३) संस्थामा आबद्ध सदस्य तथा पदाधिकारी विवरण
(४) विद्यालयको सिफारिस पत्र (लागू भएमा)
(५) वडा कार्यालयको सिफारिस पत्र
(६) दर्ता/सूचीकरण प्रमाणपत्रको प्रतिलिपि

निवेदकको विवरण:

नाम: .....
पद: अध्यक्ष / सचिव
बाल क्लब/संस्थाको नाम: .....
सम्पर्क नम्बर: .....
हस्ताक्षर: .....

अनुसूची–५

आवद्धता प्रमाण–पत्र

आवद्धता नं.: ..... **मिति: .....**

श्री .....

(वडा स्तरीय / नगर स्तरीय बाल सञ्जाल)

तारकेश्वर नगरपालिका, वडा नं. .....

आवद्धता प्रमाण–पत्र

तारकेश्वर नगरपालिका अन्तर्गत मिति ..... मा गठन भएको वडा स्तरीय / नगर स्तरीय बाल सञ्जाललाई बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७८ र बाल क्लब तथा बाल सञ्जाल (गठन तथा सञ्चालन) कार्यविधि, २०८३ बमोजिम यस नगरपालिकामा आवद्धता गरिएको बेहोरा यो प्रमाणपत्रद्वारा प्रमाणित गरिन्छ।

नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९८९), बालबालिका सम्बन्धी ऐन, २०७५, तारकेश्वर नगरपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि उक्त बाल सञ्जालले बाल अधिकार संरक्षण, बाल सहभागिता प्रवर्द्धन तथा बालमैत्री स्थानीय शासनसम्बन्धी गतिविधिहरू नगरपालिकासँग समन्वय, सहकार्य तथा आवश्यक निर्देशन र मार्गदर्शनका आधारमा सञ्चालन गर्ने अपेक्षा गरिन्छ।

शाखा प्रमुख

महिला, बालबालिका तथा समाज कल्याण शाखा

शाखा प्रमुख

शिक्षा, युवा तथा खेलकुद शाखा

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज लम्साल